# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका


# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः ५, श्रावण २८ गते, २०८० साल**


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।४।२३

**प्रस्तावना** : व्यास नगरपालिका भित्रका महिलाहरुको क्षमता विकास एवं सिप विकास गरी आत्मनिर्भर बनाउन व्यास नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने महिलाको उत्थान, सशक्तिकरण, सिप तथा क्षमता विकास गरी महिलामैत्री नगरपालिका निर्माण गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले महिलासँग उपप्रमुख कार्यक्रम सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(च) "कार्यविधि" भन्नाले "व्यास नगरपालिका महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालन कार्यविधि २०८०" सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

३. **उद्देश्य :** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) व्यास नगरपालिकालाई महिलामैत्री नगरपालिका बनाउने ।

(ख) लैङ्गिक हिंसालाई न्यूनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने ।

(ग) महिलाहरुको क्षमता अभिवृद्धि गराउँदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशीलताको विकास गराउने ।

(घ) महिलाहरुको समग्र विकास मार्फत जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

(ङ) शैक्षिक वेरोजगार महिलालाई उद्यमशीलता विकास गर्ने ।

(च) गर्भवती महिलाहरुलाई पोषण सहयोग गर्ने ।

## परिच्छेद ३
## कार्यक्रमको क्षेत्र र रणनीति

४. **क्षेत्र :** प्रस्तावनाको उद्देश्य पूरा गर्न निम्न बमोजिमका आधारभूत क्षेत्र तोकिएका छन् :

(क) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम,

(ख) चेलीबेटी तथा मानव बेच बिखन विरुद्धको सचेतना अभियान सम्बन्धी कार्यक्रम,

(ग) दाइजो विरुद्धको सचेतना कार्यक्रम,

(घ) स्वास्थ्य पारिवारिक शिक्षाका कार्यक्रम,

(ङ) कानुनी सचेतना कार्यक्रम,

(च) लागु औषध नियन्त्रण कार्यक्रम,

(छ) एकल महिलाका सम्पत्ति अधिकार,

(ज) वैवाहिक महिलाको नागरिकता, नाबालकको जन्मदर्ता सम्बन्धी अधिकार,

(झ) महिलाको आर्थिक, आयआर्जनसँग प्रत्यक्ष सहयोग पुऱ्याउने र उद्यमशीलताको विकास गर्ने ।

(ञ) गर्भवती महिलालाई पोषण सहयोग पुऱ्याउने ।

५. **रणनीति :** कार्यक्रमको रणनीति देहाय बमोजिम हुनेछ :

(क) नियमित सुपरिवेक्षण

(ख) अनुगमन र मूल्यांकन

परिच्छेद ४

सञ्चालक समिति गठन र कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

६. **सञ्चालक समिति** : कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम सात सदस्यीय सञ्चालक समिति गरिने छ ।

| | |
|---|---|
| (क) संयोजक | :उपप्रमुख |
| (ख) सदस्य | :प्रमुख प्रशासकीय अधिकृत |
| (ग) सदस्य | :कार्यपालिका सदस्य मध्येबाट १ जना महिला समेत २ जना |
| (घ) सदस्य | :शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख |
| (ङ) सदस्य | :उद्यमशीलता र सिप विकासका क्षेत्रमा काम गरेको १ जना महिला |
| (च) सदस्य सचिव | :महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख |

७. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

(ख) सिप विकास/महिला उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन नियमन तथा अनुगमन गर्ने ।

(ग) कार्यक्रमको उद्देश्य अनुरुप काम गर्ने ।

(घ) वडास्तरबाट उद्यमशीलता रोजगारी तथा सशक्तीकरण अभिवृद्धि गर्न सिप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमको लगत संकलन गर्ने ।

परिच्छेद ५

कार्यक्रम छनोट एवं कार्यान्वयन

८. **कार्यक्रमको छनोट एवं कार्यान्वयन** : (१) कार्यक्रमको छनोट एवं कार्यान्वयन देहाय बमोजिम गरिने छ :

(क) महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालन समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) महिला सशक्तीकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(ग) वडास्तरबाट कार्यक्रम माग भई आएमा सञ्चालक समितिले आवश्यकता एवं औचित्यता हेरी कार्यक्रम अगाडि बढाउन स्वीकृति दिन सक्नेछ र कार्यक्रमको प्रभावकारिताको अनुगमन उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन समितिले गर्नेछ ।

(घ) महिला उद्यमशीलताका लागि अनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्नेछ ।

(ङ) विपन्न र अति विपन्नलाई (एकल, हिंसा पीडित, अपांगता भएका, दलित, आदिवासी जनजाति र सिमान्तकृत महिला) विशेष प्राथमिकता दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नु अघि कार्यपालिका समक्ष पेश गरी कार्यपालिकाबाट स्वीकृत भएपछि मात्र कार्यक्रम कार्यान्वयनमा लगिने छ ।

## परिच्छेद ६
## बैठक सम्बन्धी व्यवस्था

९. **बैठक** : समितिको बैठक सामान्यतः २ महिनामा एक पटक बस्ने छ । तर आवश्यक परेमा जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ ।

## परिच्छेद ७
## विविध

१०. **बजेटको व्यवस्था** : कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्थापन सभाले गर्नेछ ।

११. **कार्यक्रम सञ्चालन** : कार्यक्रम सञ्चालनको विधि सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

१२. **कार्यविधि संशोधन** : यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

१३. **खारेजी** : यस कार्यविधिका कुनै दफा उपदफा प्रदेश वा संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत